लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय दाङ (दाङ)

घोराही, दाङ

☎/📠 कार्यालय :०८२-५६००१४
☎ कार्यालय प्रमुख :९८५७८३८५१४
☎ सूचना अधिकारी :९८५७८३२५१४

पत्र संख्याः २०८२/०८३ (योजना शाखा)
चलानी नं. २६९

मितिः २०८२/०६/१०
ने.संः ११४५

श्री वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) ।
श्री वन निर्देशनालय
बुटवल, रुपन्देही ।

**विषयः सूचना वेबसाइटमा राखिदिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा श्री सातपोखरी हुरुम सामुदायिक वन उपभोक्ता समूह, बबई गा.पा. वडा नं. ५, हुरुम, दाङबाट मिति २०८२/०६/१० गते नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित सिलवन्दी बोलपत्रद्वारा काठ, दाउरा लिलाम बिक्री सम्बन्धी विस्तृत सूचना पाना २ (दुई) वन (दोस्रो संशोधन) नियमावली, २०८१ को नियम २५ को उपनियम (१क) बमोजिम ताँहा वन तथा वातावरण मन्त्रालय/वन निर्देशनालयको वेबसाईटमा रखिदिनुहुन यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

२०८२/०६/१०
वरिष्ठ वन अधिकृत

अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री सातपोखरी हुरुम सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. ७, कृष्णपुर, दाङ

गोपाल बस्नेत
अध्यक्ष

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

### दोस्रो पटक सूचना प्रकाशन मिति २०८२/०६/१०

श्री सातपोखरी हुरुम सामुदायिक वन उपभोक्ता समूह बबई गाउँपालिका वडा नं. ७, कृष्णपुर, दाङको आ.व. २०८१/०८२ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादित वन पैदावार बबई गाउँपालिका वडा नं. ७, कृष्णपुर, दाङमा घाट्गद्दी गरी राखिएको निम्न लटको तपशिलमा उल्लेखित परिमाणको वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आवद्ध संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काईसौ) दिनभित्र बोलपत्र खरिद गरी २२ (बाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

#### तपसिल

१. वन पैदावारको विवरण

| वन पैदावारको विवरण | | | | | | | न्यूनतम | | काठ/ दाउरा संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाङ नं | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि./चट्टा) | दररेट | मूल्य (रु) | |
| १ | ५ | साल | गोलिया | A | ८ | १०८.०८ | १२५० | १३५१००.०० | ९२८१७.०० |
| | | | | B | १९ | १७४.१८ | ९०० | १५६७६२.०० | |
| | | | | C | ४८ | २५४.९३ | ६०० | १५२९५८.०० | |
| | | | | D | २६ | ८१.५९ | ३०० | २४४७७.०० | |
| | | साल जम्मा | | | १०१ | ६१८.७८ | | ४६९२९७.०० | |
| | ६ | असना | गोलिया | A | ३ | ५६.७५ | ४०० | २२७००.०० | ७३९१८.५० |
| | | | | B | १० | ९४.७५ | ३०० | २८४२५.०० | |
| | | | | C | ६० | ३४१.२९ | १०० | ३४१२९.०० | |
| | | असना जम्मा | | | ७३ | ४९२.७९ | | ८५२५४.०० | |
| लट नं. १ को जम्मा | | | | | १७४ | १९९१.५७ | | ५५४५५१.०० | १६६७३५.५० |
| २ | ७ | असना | गोलिया | A | २४ | ५०८.६३ | ४०० | २०३४५२.०० | १६१४५६.५० |
| | | | | B | १३ | ११६.१० | ३०० | ३४८३०.०० | |
| | | | | C | १७ | ११७.९२ | १०० | ११७९२.०० | |
| | १ | जामुन | गोलिया | A | ५ | ६९.४६ | ४०० | २७७८४.०० | |
| | | | | B | ५ | ३४.७६ | ३०० | १०४२८.०० | |
| | | | | C | १० | ५२.७५ | १०० | ५२७५.०० | |
| | | सेतो सिरिस | | | ३ | १०.०९ | १०० | १००९.०० | |
| | | साल | दाउरा | | | ५.०० | १२००० | ६००००.०० | |
| | लटनं. २ को काठ जम्मा | | | | ७७ | ९०९.७१ | | २९४५७०.०० | |
| | लटनं. २ को दाउरा जम्मा | | | | | ५.०० | | ६००००.०० | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८२/०६/३० गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८२/०६/३१ (ख) समय दिउंसो १२.०० बजे सम्म ।

गोपाल बस्नेत
अध्यक्ष

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य बैंक, तुलसीपुर, दाङ शाखांमा रहेको खाता नं. ४१६०००३९७२०१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम न्युनतम मूल्य १० (दश) लाखभन्दा कम भएको खण्डमा प्रति लटको रु. १०००/- र बढी भएको खण्डमा प्रति लटको रु. २०००/- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ।

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस सातपोखरी हुरुम सामुदायिक वन उपभोक्ता समूहको बबई गा.पा.-७, कृष्णपुर, दाङमा रहेको घाट्गद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा फर्म सुचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/०६/३१ गते यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

८. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र साकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्दी कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाई लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएकोहुनु पर्नेछ। प्रतिलिपि, समूहको छाप नलागेको र समूहको दस्तखत नभएको मान्य हुने छैन ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।